नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

नेपाल सरकार

स्वास्थ्य बीमा बोर्ड

# सेवा करारमा जनशक्ति भर्ना सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०९।२८

स्वास्थ्य बीमा बोर्डको स्वीकृत अस्थायी दरवन्दी अन्तर्गत यस बोर्डको केन्द्रिय कार्यालय बबरमहल, प्रदेश शाखा कार्यालय तथा जिल्ला सम्पर्क शाखा कार्यालयका लागि हाल रिक्त रहेका देहायका पदहरूमा कर्मचारी आवश्यक भएकोले करार सेवामा लिने सम्बन्धी कार्यविधि, २०७९ मा भएको व्यवस्था बमोजिम छनौट हुने गरी आवश्यक योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद नाम | श्रेणी/तह | सेवा, समुह, उपसमूह | आवश्यक संख्या | कार्यस्थल |
|---|---|---|---|---|---|---|
| १. | १/०८२-८३ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ६ (छ) | काठमाडौ |
| २. | २/०८२-८३ | चार्टर्ड एकाउन्टेण्ट | आठौं | आर्थिक प्रशासन | १ (एक) | काठमाडौ |
| ३. | ३/०८२-८३ | हेल्थ इकोनोमिष्ट | सातौं | लेखा | १ (एक) | काठमाडौ |
| ४. | ४/०८२-८३ | जनस्वास्थ्य अधिकृत | सातौं | स्वास्थ्य | १ (एक) | काठमाडौ |
| ५. | ५/०८२-८३ | एक्च्यूरियन अधिकृत | सातौं | तथ्याङ्क | १ (एक) | काठमाडौ |
| ६. | ६/०८२-८३ | सूचना प्रविधि सहायक | पाँचौ/ रा.प.अनं. प्रथम | विविध | ३ (तीन) | काठमाडौ/ प्रदेश शाखा कार्यालय |
| ७. | ७/०८२-८३ | दर्ता अधिकारी | पाँचौ/ रा.प.अनं. प्रथम | प्रशासन | ६० (साठी) | जिल्ला सम्पर्क कार्यालय/स्थानीय तह |

१. आवश्यक शैक्षिक योग्यता

क) मेडिकल अधिकृतः मान्यता प्राप्त विश्वविद्यालयबाट एम.वि.वि.एस. उत्तीर्ण गरी मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र भएको ।

ख) चार्टर्ड एकाउन्टेण्टः मान्यता प्राप्त विश्वविद्यालयबाट चार्टर्ड एकाउन्टेण्ट उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको ।

ग) हेल्थ ईकनोमिक्सः मान्यता प्राप्त विश्वविद्यालयबाट स्वास्थ्य विषयमा स्नातक गरी स्वास्थ्य अर्थशास्त्रमा स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

घ) जनस्वास्थ्य अधिकृतः मान्यता प्राप्त विश्वविद्यालयबाट जनस्वास्थ्य विषयमा स्नातक उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता प्रमाणपत्र भएको ।

ङ) एक्च्यूरियन अधिकृतः मान्यता प्राप्त विश्वविद्यालयबाट एक्चुरियल साइन्स विषयमा स्नातक उत्तिर्ण गरेको ।

च) सूचना प्रविधि सहायकः मान्यता प्राप्त विश्वविद्यालयबाट सूचना प्रविधि विषयमा स्नातक तह उत्तिर्ण गरेको ।

छ) दर्ता अधिकारीः मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको ।

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

ज) नेपाली नागरीक

झ) आठौं र सातौं तहको हकमा २१ वर्ष पूरागरी ४५ वर्ष ननाघेको, पाँचौ तहको लागी १८ वर्ष पूरागरी ३५ वर्ष ननाघेको(महिलाको हकमा ४० बर्ष)

ञ) कुनै पनि फौजदारी अभियोगमा सजाय नपाएको ।

ट) अन्य प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

२. दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरू

क) नेपाली नागरिकताको प्रमाणपत्रको कपी

ख) न्यूनतम आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको कपी

ग) विज्ञापन नं. १/०८२/०८३, ०२/०८२/०८३ र ०४/०८२/०८३ को हकमा सम्बन्धित काउन्सिलबाट प्राप्त दर्ता प्रमाणपत्रको प्रतिलिपि

घ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

३. दरखास्त दस्तुरः- आठौ तह र सातौ तहको लागी १२००/- र पाँचौ तहको लागी ७००/- दरखास्त दस्तुर अनलाइन फाराम Submit गर्नुपूर्व अनलाइन पद्धति मार्फत भुक्तानी गर्नुपर्नेछ ।

४. तलव सुविधाः- नेपाल सरकारको आठौ, सातौ तथा पाँचौ तह सरहको तलब सुविधा वमोजिम

५. दरखास्त दिने अन्तिम मितिः २०८२/१०/१२ गते सोमवारसम्म।

६. दरखास्तको अन्तिम मिति सम्ममा न्युनतम उमेर पुरा गरेको र उमेर हद ननाघेको हुनुपर्नेछ ।

७. कम्प्यूटरको ज्ञान भएको हुनुपर्नेछ ।

८. उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, सम्बन्धित विज्ञापनमा तोकिएका कागजात अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा Scan गरी अपलोड गर्नुपर्नेछ ।

९. तोकिएको म्यादभित्र पेश नभएको वा न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य बिवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन ।

**१०. दरखास्त फाराम बोर्डको वेबसाइट www.hib.gov.np मा गएर क्यारियर टयाब खोली अनलाइन पद्धति मार्फत फाराम भर्न सकिनेछ ।**

*नोटः परीक्षा सम्बन्धी विस्तृत जानकारी बोर्डको वेबसाइट www.hib.gov.np मा पछि प्रकाशन गरिनेछ ।*

**पदपूर्ति समिति**